आज मिति २०७५ साल मंसिर १८ गते मङ्गलबारका दिन अर्जुनधारा नगरपालिकाका नगरप्रमुख श्री हरिकुमार_रानाज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको (बोर्ड) बैठक देहाय उपस्थितीमा बसी निम्नानुसार छलफल तथा निर्णयहरु गरियो ।

उपस्थिती:

| | | | | |
|---|---|---|---|---|
| १ | नगरप्रमुख | श्री हरिकुमार राना | अध्यक्ष | |
| २ | नगर उपप्रमुख | श्री कमला खतिवडा आचार्य | सदस्य | |
| ३ | वडाध्यक्ष | श्री गजाधर खतिवडा | सदस्य | |
| ४ | वडाध्यक्ष | श्री रघुनाथ खनाल | सदस्य | |
| ५ | वडाध्यक्ष | श्री जीवकुमार भण्डारी | सदस्य | |
| ६ | वडाध्यक्ष | श्री दुर्गाप्रसाद दाहाल | सदस्य | |
| ७ | वडाध्यक्ष | श्री ध्यानबहादुर भारती | सदस्य | |
| ८ | वडाध्यक्ष | श्री लोकनाथ गौतम | सदस्य | |
| ९ | वडाध्यक्ष | श्री नवराम ढुङ्गाना | सदस्य | |
| १० | वडाध्यक्ष | श्री गोपीचन्द्र गौतम | सदस्य | |
| ११ | वडाध्यक्ष | श्री पुष्पकुमार प्रसाई | सदस्य | |
| १२ | वडाध्यक्ष | श्री बलदेवसिंह गोम्देन तामाङ्ग | सदस्य | |
| १३ | वडाध्यक्ष | श्री भैरवबहादुर खड्का | सदस्य | |
| १४ | सदस्य | श्री लक्ष्मी तामाङ्ग | सदस्य | |
| १५ | सदस्य | श्री हरिमाया भण्डारी | सदस्य | |
| १६ | सदस्य | श्री शकुन्तला बराल | सदस्य | |
| १७ | सदस्य | श्री दिलमाया शिवा | सदस्य | |
| १८ | सदस्य | श्री दिलिप गुरुङ्ग | सदस्य | |
| १९ | सदस्य | श्री खिनमान दास | सदस्य | |
| २० | सदस्य | श्री रमेशकुमार दर्जी | सदस्य | |
| २१ | प्रमुख प्रशासकीय अधिकृत | श्री पङ्कज भुर्तेल | [redacted] सचिव | |
| २२ | खरिदार | श्री सौजन कटुवाल | आमन्त्रित | |
| २३ | न.प्र. स्वकीय सचिव | श्री गजेन्द्र खनाल | आमन्त्रित | |

बैठक संख्या ३७ मिति २०७५/०८/१८

मिति २०७५ साल मंसिर १८ गते बसेको नगर कार्यपालिका बैठकका निर्णयहरु

१.यस नगरपालिकाको चालु आर्थिक वर्ष २०७५/०७६ का लागि स्वीकृत बजेट अनुसार समपूरक कोषमा विनियोजित रकम देहाय अनुसार बाँडफाँड गर्ने ।

- वडा नं. १ स्थित सानो नेते खोलामा रोङ्ग गाउँपालिकासँग साझेदारीमा पुल निर्माण गर्न रु ३०,००,०००/- (रु तिस लाख) विनियोजन गर्ने ।
- वडा नं. २ स्थित बाबियो खोल्सीमा माई नगरपालिकासँगको साझेदारीमा पुल निर्माण गर्न रु ८,५०,०००/- (आठ लाख पचास हजार मात्र) विनियोजन गर्ने ।
- सहारा नेपालसँगको साझेदारीमा वडाहरुमा असहायहरुका लागि निर्माण गरिने आवासको लागि आवश्यक पर्ने साझेदारीको रकम समेत समावेश गरी समपुरक कोषको रकम प्रत्येक वडामा रु १० लाखका दरले योजना तथा कार्यक्रम छनौट गर्ने ।

२.चालु आर्थिक वर्षको स्वीकृत बजेट अनुसार मर्मत सम्भार कोषमा रहको रकमबाट वडा नं. ९ स्थित कालिस्थान बाल विकास मर्मत तथा बालबालिका बस्ने पढ्ने ठाउँमा कार्पेट विछ्याउन रु ४०,०००/- (चालिस हजार मात्र) विनियोजन गर्ने ।

३.यस नगरपालिका क्षेत्र भित्रमा विभिन्न गैर सरकारी संस्थाहरुले अनुमति नलिईकन आफ्नो कार्यक्रमहरु सञ्चालन गरिरहेको पाइएकाले यस नगरपालिकामा कार्यक्रम तथा क्रियाकलाप सञ्चालन गर्ने सबै गैरसरकारी संस्थाहरुलाई आफ्नो कार्यक्रम सहित सुचिकृत हुन आगामी नगरसभामा प्रस्ताव पेश गर्ने ।

४.चालु आर्थिक वर्ष २०७५/०७६ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार विद्यालय शिक्षा गुणस्तर वृद्धि तथा भौतिक पूर्वाधार सुधार कार्यक्रमका लागि रु तिस लाख रुपैया विनियोजन भएकामा सो रकमबाट अर्जुनधारा ५ स्थित श्री भानु माध्यमिक विद्यालयको लागि इञ्जिनियरिङ्ग विषयको शैक्षिक सामाग्रीहरु खरिद गरी हस्तान्तरण गर्ने ।

५.यस नगरपालिकाको स्वीकृत वार्षिक बजेट अनुसार वडा नं. ६ स्थित महानन्द चौकमा स्वागत द्वार निर्माणका लागि विनियोजित बजेट रु साठि लाखमा रु छ लाख थप गरी महानन्द चौकमा स्वागतद्वार तथा फाइबरका ६ वटा शालिक निर्माणका लागि रु ३५,००,०००/-(पैतिस लाख मात्र ) र वडा नं. ७ र ८ मा शनिश्चरे बजार ,अर्जुनधारा जलेश्वर धाममा शालिक मुर्ति प्रतिस्थापन गर्न तथा नगरपालिका कार्यालय परिसरमा जग्गादाताको शालिक राख्नका लागि रु ३१,००,०००/- (एकतिस लाख मात्र) विनियोजन गर्ने ।सो अनुसार शनिश्चरे बजार,जलेश्वर धाम तथा नगरपालिका परिसरमा राखिने मुर्ति तथा शालिक सम्बन्धि योजना कार्यन्वयन गर्न यथाशिघ्र योजना कार्यन्वयन गर्ने ।

६.विभिन्न दीर्घरोग तथा गम्भिर प्रकृतिका रोग लागि औषधोपचार गर्न आर्थिक सहयोग गर्नु पर्ने अवस्था भएमा वडा कार्यालयबाट रोगको प्रकृति तथा गाम्भिर्यता हेरी रु १० हजार सम्मको आर्थिक सहयोगका लागि सिफारिस गरी पठाउने र यसरी सिफारिस भई आएमा कार्यालयबाट भुक्तानीको व्यवस्था मिलाउने

हरी कुमार राना मगर
नगर प्रमुख

७. आगामी मंसिर २९ गते बाट नगरपालिकाका विभिन्न स्थानहरुमा देहाय बमोजिम सकारात्मक सोच सम्बन्धि कार्यशालाहरु सञ्चालन गर्ने ।सो कार्यशाला सञ्चालन गर्नका लागि रु २,००,०००/- (दुई लाख मात्र) विनियोजन गर्ने ।

| मिति | वडा | स्थान |
|---|---|---|
| २०७५/०८/२९ गते | वडा नं. १ | कार्यक्रम हुने स्थान बारे पछि तय गरी जानकारी गराउने । |
| २०७५/०९/०१ गते | वडा नं. २ र ३ | |
| २०७५/०९/०२ गते | वडा नं. ४,७ र ८ | |
| २०७५/०९/०३ गते | वडा नं. ५र ६ | |
| २०७५/०९/०४ गते | वडा नं. ९,१०,११ | |

८. २०७५ साल मंसिर २४ गते लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानको समापन कार्यक्रम सञ्चालन गर्ने,सोही दिनबाट वडास्तरीय सामुदायिक प्रहरीको गठन गर्ने र चेतना नेपाल संस्थाको सहकार्यमा लागु औषध दुर्व्यसन सम्बन्धि सचेतनामूलक कार्यक्रम प्रत्येक वडा तथा माध्यमिक विद्यालयहरुमा देहाय बमोजिम सञ्चालन गर्ने ।सो कार्यक्रमका लागि लाग्ने खर्च रु १,२५,०००/- (एक लाख पच्चिस हजार मात्र) नगरपालिकाबाट व्यवस्थापन गर्ने ।

| मिति | स्थान |
|---|---|
| २०७५/०९/०६ गते | अर्जुननधारा सं.मा.वि. वडा नं. ७ |
| २०७५/०९/०८ गते | कालिस्थान मा वि वडा नं. ९<br>शनिश्चरे मा वि वडा नं. ८ |
| २०७५/०९/११ गते | महारानीगञ्ज मा वि वडा नं. ११<br>,लक्ष्मी मा वि वडा नं. ६ |
| २०७५/०९/१३ गते | भानु मा वि वडा नं. ५<br>अर्जुनधारा मा वि वडा नं. ४ |
| २०७५/०९/१५ गते | जनता मा वि वडा नं. ३<br>सिंहदेवी मा वि वडा नं. १ |

साथै,देहायका वडामा देहाय बमोजिम कार्यक्रम गर्ने

| वडा | मिति | वडा | मिति |
|---|---|---|---|
| १ | २०७५/०९/१७ गते | ७ | २०७५/०९/२४ गते |
| २ | २०७५/०९/१८ गते | ८ | २०७५/०९/२५ गते |
| ३ | २०७५/०९/१९ गते | ९ | २०७५/०९/२६ गते |
| ४ | २०७५/०९/२० गते | १० | २०७५/०९/२७ गते |
| ५ | २०७५/०९/२२ गते | ११ | २०७५/०९/२९ गते |
| ६ | २०७५/०९/२३ गते | | |

हरी कुमार राना मगर
नगर प्रमुख

९.नगरपालिकाका प्रत्येक वडामा वडा मेलमिलाप केन्द्र स्थापना गर्नका लागि फर्निचर ,कोठा लगायतका आवश्यक सामाग्रीहरुको व्यवस्थापन गर्ने ।

१०.शनिश्चरे बजार पश्चिम अर्जुनधारा जलेश्वर धाम हुँदै डाडाँगाउँ जाने बाटो कालोपत्रे गर्नका लागि चालु आर्थिक वर्षमा विनियोजित रकमबाट कालोपत्रेको सट्टा नमुना सडक निर्माणका लागि भुईमा पेभेज विच्छ्याउने कार्यक्रम सञ्चालन गर्न आगामी नगर सभाबाट अनुमोदन हुने गरी योजना संशोधन गर्ने ।

११.वडा नं. १० स्थित कालिस्थान सहरेडाँगी सेतिपानी सडक तथा कालिस्थानबाट चिसापानी हुँदै सहरेडाँगी जाने सडक विस्तार गर्नुपर्ने भएकाले सो सडकको निर्धारित मापदण्ड भित्र बनेका भौतिक संरचनाहरु यथाशिघ्र हटाई सडकक्षेत्र खाली गर्न गराउन सूचना प्रकाशन गर्ने ।साथै, र लिका भित्रका अन्य सडकहरुमा समेत सडकक्षेत्र भित्र भौतिक संरचनाहरु बनेको पाइएमा संरचनाहरु हटाउनका लागि सम्बन्धित सरोकारवालाहरुका लागि सूचना प्रकाशन गर्ने ।

१२.प्रदेश सरकार,प्रदेश नं. १ बाट शनिश्चरे बजारमा सब्जी बजार व्यवासायिक स्टल निर्माणका लागि सशर्त अनुदान स्वरुप प्राप्त रु १,३०,००,०००/-(एक करोड तिस लाख मात्र) प्राप्त भएकाल उक्त स्थानमा सब्जी र माछा मासुको स्टल निर्माण गर्नुपर्ने भएको र सब्जी र माछामासुको स्टल निर्माण गर्न अलग अलग उपभोक्ता समिति गठन गरी योजना सञ्चालनको आवश्यक प्रक्रिया अघि बढाउने ।

१३. मिति २०७५/०७/१९ को कार्यपालिका बैठकको निर्णयानुसार वडा नं ३ स्थित भानु आधारभुत विद्यालयको शैक्षिक सुधार तथा भवन निर्माणका लागि रु ५ लाख विनियोजन भएकामा सो रकमको शीर्षक परिवर्तन गरी उक्त विद्यालयको घेरावारा निर्माण कायम गर्ने ।

१४. यस नगरपालिकाबाट विभिन्न संघसंस्थाहरुबाट अनुदान माग भई उपलब्ध गराउने अवस्था आएमा त्यस्ता संघंस्थामा दिइने अनुदानलाई नगरपालिकाको शेयरका रुपमा लगानी गर्ने ।

१५.नगर कार्यपालिका कार्यालयबाट पेश भएका देहाय बमोजिम कार्यविधिहरु पारित गरी लागू गर्ने ।

(क)वडा कार्यालय तथा सचिवालय खर्च व्यवस्थापन कार्यविधि,२०७५
(ख)अपांगता भएका व्यक्तिको परिचयपत्र वितरण कार्यविधि,२०७५

१६. स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम अन्तर्गत यस नगरपालिकामा सञ्चालन हुने आयोजनाहरुको उपभोक्ता समिति गठनका लागि आवश्यक प्रक्रिया अघि बढाउने ।

१५.देहाय बमोजिम आर्थिक सहायता/रकम विनियोजन गर्ने ।

हरी कुमार रोका मगर
नगर प्रमुख

- नगरपालिकामा क्रियाशिल महिला स्वास्थ्य स्वयसेविकाहरुलाई प्राथमिक उपचार सामाग्री खरिद गर्न रु १,५०,०००/- (एक लाख पचास हजार) विनियोजन गर्ने ।
- नेपाल नगरपालिका संघ प्रदेश कमिटिको सदस्यता शुल्क वापत रु १०,०००/- (दस हजार मात्र) उपलब्ध गराउने ।
- सन्थाल जाति जिल्ला समितिको जातिय कार्यक्रम सञ्चालनका लागि मिति २०७५/०६/२२ को निर्णयबाट रु ५,०००/- उपलब्ध गराउने निर्णय संशोधन गरी रु २५,०००/- ( पच्चिस हजार मात्र) सहयोग उपलब्ध गराउने ।
- न्यायिक समितिबाट मेलमिलाप सहजकर्ताका लागिस मिति २०७५/०८/ बाट सञ्चालन भएको तालिममा सहभागिहरुलाई भत्ता वापत दैनिक रु पाँच सयका दरले उपलब्ध गराउने
- जनता माध्यमिक विद्यालय कक्षा १२का विद्यार्थीहरुलाई शैक्षिक भ्रमणका लागि रु २० हजार मात्र ।
- वडा नं. ११ बस्ने प्रतिज्ञा दर्जी तथा टेकबहादुर बस्नेतका परिवारलाई जनही रु १०,०००/- दस हजार मात्र काजकिरिया सहयोग उपलब्ध गराउने ।
- नेपाल बार एसोसिएसन जिल्ला कार्य समिति झापाबाट आयोजना हुने मानव अधिकार सम्बन्धि गोष्ठि सञ्चालनका लागि रु १,००,०००/- (एक लाख मात्र) उपलब्ध गराउने ।
- वडा नं. ५ बस्ने लक्ष्मी भुजेललाई नयाँ प्रजातिको किराले टोकी गम्भिर उपचार गराउनु पर्ने भई औषधोपचार सहयोगका लागि सिफारिस भई आएकाले निजलाई रु १०,०००/- (रु दस हजार मात्र) उपलब्ध गराउने ।

१६. नगर प्रमुखज्यूको नगरपालिकाका विभिन्न कामकाजका शिलसिलामा भएको मिति २०७५कार्तिक २७ गतेदेखि मंसिर ६ गते सम्मको काठमाडौं भ्रमण अनुमोदन गर्ने ।

हरी कुमार राना मगर
नगर प्रमुख